# संघीय संसद
# राष्ट्रिय सभा
# छैटौं अधिवेशन
# कार्यवाहीको सम्पूर्ण विवरण
# ११ असार २०७७
# बिहीबार
# (बैठक सङ्ख्या-३१)

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री गणेशप्रसाद तिमिल्सिनाको अध्यक्षतामा बिहीबार दिनको १:०४ बजे प्रारम्भ भयो ।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कारबाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, शून्य समयमा बोल्नको लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको छ । म माननीय सदस्यहरूलाई बोल्नको लागि समय उपलब्ध गराउँदछु । शून्य समयमा बोल्नको लागि प्रत्येक माननीय सदस्यहरूलाई १/१ मिनेटको समय निर्धारण गरेको छु ।

माननीय तुलसा कुमारी दाहाल ।

**माननीय श्री तुलसा कुमारी दाहाल (नेपाली कम्युनिष्ट पार्टी, नेकपा)**:- सम्माननीय अध्यक्ष महोदय, आज बिहान सप्तरी जिल्लाको महदैया गाउँपालिकामा कोशी नदीमा नुहाउन जाँदा ४ जना घटनास्थलमा मृत्यु भएको छ र २ जना घाइते भएका छन् । मृतकहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । जुन घाइते हुनु भएको छ घाइतेहरूप्रति शीघ्र स्वास्थ्य लाभको कामना गर्दै परिवारहरूमा हार्दिक समवेदना व्यक्त गर्दछु र स्थानीय सरकार र प्रदेश सरकारलाई त्यो समवेदनामा बुझ्न र आर्थिक सहयोग गर्नको निम्ति हार्दिक अनुरोध गर्दछु ।

**सम्माननीय अध्यक्षः-** माननीय दिलकुमारी रावल थापा (पार्वती) ।

**माननीय श्री दिलकुमारी रावल थापा (पार्वती) (नेपाल कम्युनिष्ट पार्टी, नेकपा):-** सम्माननीय अध्यक्ष महोदय, विश्वव्यापी मानव जीवनमा चुनौती बनिरहेको कोभिड-१९ सङ्क्रमणले परिवार र समुदायमा भय, त्रास, हिंसा, भेदभाव बढाएको छ । प्राणीमध्ये सर्वश्रेष्ठ मानव जीवन सुन्दर र अमूल्य छ । हिजो के थियो भोलि के हुन्छ थाहा छैन । अहिले आज हामीसँग छ । कोभिड-१९को सङ्क्रमणको प्रकोपले व्यक्ति परिवार र समुदायमा हिंसा र भेदभाव बढाएको छ । सर्वश्रेष्ठ प्राणी मानव जाति आज हिंस्रक, क्रुर, भ्रष्ट, अराजक, असामाजिक बन्दैछ । यस्तो प्रवृत्ति मानव जीवन, सिङ्गो समुदायको लागि कलङ्क हो । कोरोना भाइरसभन्दा खतरनाक पनि हो । त्यसैले मेरो आग्रह अनुरोध "मान्छे हामी मान्छेभित्र हराएको मानवता खोजौं, विभेद र हिंसा होइन सद्भाव र विश्वास रोजौं" । आपसी सद्भाव र समझदारी स्नेह र करुणा, आशा, भरोसा, विश्वासको सम्मान बढाऔं । हरेक विषय र सन्दर्भमा आएका नकरात्मक सोच चिन्तनबाटमाथि उठेर सत्य र तथ्यमा टेकेर आशातित सुन्दर भविष्यका निम्ति सकारात्मक सोच चिन्तन र संस्कार र संस्कृति निर्माण गर्न हामी सबै उठौं जुटौं र ढिला नगरौं अध्यक्षज्यू मार्फत् सबैलाई आग्रह र अनुरोध गर्दछु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः-** माननीय प्रकाश पन्थ ।

**माननीय श्री प्रकाश पन्थ (नेपाली काँग्रेस):-** सम्माननीय अध्यक्ष महोदय, नेपाल र चीनबीच १४१४.८८ किलोमिटर सिमाना रहेको छ । ९८ ठाउँहरूमा सीमा स्तम्भहरू रहेका छन् । तीमध्ये केही सीमा स्तम्भहरू हराएका छन् र केही नेपालभित्र सारिएको कुरा छ । दोलखा, हुम्ला, सिन्धुपाल्चोक, सङ्खुवासभा, गोर्खा, रसुवा लगायतका विभिन्न जिल्लाहरूमा १४ हेक्टर भू-भाग जमिन अतिक्रमण भएको खबर छ कुरा के हो ? नेपाल सरकारसँग स्पष्ट जवाफ चाहन्छु । यसगरि गत महिना रुकुम पश्चिमको सोतीमा भएको हिंसात्मक घटनाको सम्बन्धमा सत्यतथ्य छाबिनको लागि प्रधानमन्त्रीलाई ज्ञापन पत्र बुझाउने सन्दर्भमा शान्तिपूर्वक धर्नामा बसेका जनप्रतिनिधिहरूलाई हिजो प्रहरीद्वारा गरिएको बलपूर्वक हस्तक्षेप, लाठी चार्ज र धरपकडप्रति प्रतिपक्ष दल नेपाली काँग्रेसको गम्भीर ध्यान आकर्षण भएको छ । शान्तिपूर्वक ज्ञापन पत्र बुझाउन गएका सांसद, नेता लगायतका व्यक्तिहरूलाई अन्धाधुन्दा लाठी चार्ज गरी

बलपूर्वक गरेको कुरा अत्यन्त निन्दनीय कार्य हो । यस कार्यको घोर भर्त्सना गर्दछु । धन्यवाद । जय नेपाल ।

**सम्माननीय अध्यक्षः**- माननीय माया प्रसाद शर्मा ।

**माननीय श्री माया प्रसाद शर्मा (नेपाल कम्युनिष्ट पार्टी, नेकपा)**ः- सम्माननीय अध्यक्ष महोदय, अब सबैतिर टेलिकमको समस्या छ, पहाडी जिल्लाहरूमा विशेष गरेर कर्णालीका सबै जिल्लाहरूमा टेलिकमको समस्या छ । त्यहाँ भर्चुअल शिक्षाका कुरा पनि उठेका छन् । अनलाइनको कुरा उठेको छ तर त्यहाँ सबै ठाउँहरूमा सदरमुकाम र सुर्खेत, दैलेख जिल्ला र अन्य जिल्लाका सदरमुकाम बाहेक अन्य ठाउँहरूमा टेलिकम छैन । टेलिकमको व्यवस्था गर्न जरुरी देखिन्छ र अर्को पानी पर्ने बित्तिकै बत्ती जाने एउटा परम्परा नै छ । देशमा पानी पर्ने बित्तिकै कोहोलपुरदेखि माथिका सबै बत्तीहरू जाने र अब अन्धकार हुने स्थिति छ । त्यसलाई व्यवस्थापन गर्नको लागि अध्यक्ष महोदय मार्फत् सरकारलाई अनुरोध गर्दछु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, शून्य समयमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीँ समाप्त हुन्छ । माननीय सदस्यहरू, विशेष समयमा बोल्नको लागि दलीय आधारमा माननीय सदस्यहरूको नाम प्राप्त भएको छ । म माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउँदछु ।

माननीय सुमनराज प्याकुरेल समय १० मिनेट । यसपछि माननीय अनिता देवकोटा ।

**माननीय श्री सुमनराज प्याकुरेल (नेपाल कम्युनिष्ट पार्टी, नेकपा)**ः- सम्माननीय अध्यक्षज्यू, यो कोभिडको महामारीमा आज हामी संसारै पिल्सिएको अवस्थामा छ । हाम्रो देशमा पनि महामारी फैलिएको रहेको स्थिति छ । यो स्थितिमा पनि अग्रीम पङ्क्तिमा रहेर काम गरिरहनु भएका मेडिकल टिमका साथीहरूमाथि, स्वास्थ्यकर्मीहरूमाथि विभिन्न ठाउँमा आक्रमण भएका छन् । दुःखद् कुरा के हो भने यो आक्रमणबाट उहाँहरूलाई पनि सुरक्षाको महशुस गर्न पाइरहनु भएको छैन र प्रहरी कार्यालयमा आएर उजुरी गर्दाखेरि प्रहरीहरूले उहाँहरूसँग उपयुक्त व्यवहार गरेको महशुस उहाँहरूले गर्न सकिरहनु भएको छैन । यो बैशाखदेखि यता काठमाडौंमा २ जना मेडिकल अफिसरमाथि, धरानमा चन्द्रप्रकाश खनालमाथि, विरगञ्जमा विजय कुमार चौरासीयामाथि, नागढुङ्गामा नारायण कार्की वाग्मती प्रदेश प्रयोगशालाका प्रमुखमाथि, गढीमाई

नगरपालिका रौतहटमा धर्मेन्द्र चौहान लगायत ३ जनामाथि, यो स्नातपुर नगरपालिक रौतहटमा दिनेश शाह लगायत अन्य ४ जनामाथि त्यस्तै शिखरपुर नगरपालिका डोटीमा रमेश कुमार कुँवरमाथि, हेलातपुर नगरपालिका रौतहटको सम्पूर्ण स्वास्थ्यकर्मी कर्मचारीहरूमाथि भनिएको छ । त्यस्तै कमला गाउँपालिकामा सम्पूर्ण स्वास्थ्यकर्मीहरूमाथि, रामबहादुर नेपालीमाथि त्रिवेणी नगरपालिका बाजुरामा त्यस्तै बाजुरा हिमचुली हिमाली गाउँपालिका ५ मा राजबहादुर भण्डारीमाथि यसरी जुन आक्रमण गरिएको छ । यसले उहाँहरूको एउटा उत्साहलाई निराशामा परिणत गऱ्यो भने यसले धेरै अप्ठ्यारो वातावरण सिर्जना गर्ने हुनाले यसप्रति सम्माननीय अध्यक्षज्यू मार्फत् म नेपाल सरकारको ध्यान आकर्षित गर्न चाहन्छु । उहाँको सुरक्षाको व्यवस्थाको लागि । अब म अर्को विषय प्रवेश गरिरहेको छु । जब-जब नेपालमा राष्ट्रियताको प्रश्न प्रखर भएर आउँछ यसलाई वर्गन्न को लागि अन्य दिशा दिनको लागि नेपाली-नेपालीबीच अन्तरबिरोध बढाउने गरी  जाति, भाषा र क्षेत्रका कुराहरूसँगैलाई जोडेर देखाउने प्रयास गरिन्छ । मलाई के लाग्छ भने नेपालमा जाति, भाषा र क्षेत्रगत रूपमा अहिले हामी विवादित छैनौं । नेपालको संसदमा अन्य कुनै पनि राजनीतिक पार्टी कुनै पनि शक्ति एउटा कुनै भुगोल केन्द्रित, एउटा कुनै जाति केन्द्रित छैन । तसर्थ, म के आग्रह गर्न चाहन्छु भने हामी जिम्मेबार सांसदहरूले पनि बोल्दा राजनीतिक पार्टीका नेताहरूले बोल्दा यो मधेस केन्द्रित, हिमाल केन्द्रित, पहाड केन्द्रित भएर सम्बोधन नगर्दिन हुन म अपिल गर्न चाहन्छु । हामी राष्ट्रियताको मामलामा नेपालका सबै दल कसरी एकीकृत हुन्छन्, कसरी हामी एकीकृत छौं भन्ने करो हामीले नेपालको सार्वभौमिकताको रक्षाको लागि, हाम्रो भुगोलको रक्षाको लागि अस्ति मात्रै हामीले भुगोलको रक्षा गर्नको लागि हामीले संविधान संशोधन गऱ्यौं । त्यो संविधान संशोधनमा सबै नेताहरू र मलाई गौरव लाग्छ म आफू मधेस क्षेत्रबाट प्रतिनिधित्व गर्छु ।

मेरो क्षेत्र मधेसमा पर्दछ त्यहाँबाट प्रतिनिधित्व गर्ने सम्पूर्ण नेताहरूले जुन ओज र जोशका साथ अभिव्यक्ति दिनु भएको छ । हामी वास्तविक सीमाको रक्षकहरू हौं हामी सीमावासीहरू हौं, त्यहाँको दर्द हामीलाई बढी थाहा छ । त्यसले गर्दाखेरि त्यसपछि मलाई के लाग्छ भने अब हामीले फेरि त्यो किसिमले संबोधनलाई आगाडि बढाउन म आवश्यक देखिरहेको छैन । अहिले नागरिकता ऐनको संशोधन विधेयकले फेरि तरङ्ग ल्याएको छ । तर मलाई के लाग्छ भने यो कुनै एउटा जाति, क्षेत्र वा देश केन्द्रित भएको छैन ।  राष्ट्रियताको सवालमा मधेस संवेदनशील छ । हामी संवेदनशील छौं । हामीलाई थाहा छ अहिले जुन नागरिकतामा ऐनमा गर्न थालिएको संशोधन हो यो हामीले मात्र गर्न थालेको नौलो व्यवस्था होइन । संसारमा धेरै देशहरूमा हाम्रो देशमा मात्रै एउटा नागरिकता प्रमाणपत्रको एक प्रकार नागरिकता प्रमाणपत्रलाई जसरी लिएको छ जति हल्कापूर्वक लिएको छ । अन्य सबै देशहरूमा नागरिकता प्रमाणपत्रलाई सार्वभौमिकताको रक्षाको सवाललाई लिएर नागरिकतालाई म गम्भीरतापूर्वक लिएको देखिन्छ । हामी अमेरिकाको कुरा गरौं ग्रीन कार्डको कुरा गरौं, अष्ट्रेलियाको कुरा गरौं, इण्डियाको नै कुरा गरौं हामी अरु कुनै पनि देशमा कुरा गर्दाखेरि सरासरी नागरिकता प्रदान गर्ने कहीँ पनि देखिएन । छिमेकी सबै मित्रहरूले आ-आफ्नो अनुकूल

व्यवस्था गरेका छन् मलाई के लाग्छ भने अहिले नेपालको नागरिकता प्रमाणपत्रमा जे गर्न खोजिएको छ म आफै पनि यहाँलाई आग्रह गरौँ । मेरो आफ्नै परिवारभित्र एउटा बुहारी विदेशी छ । मेरो एउटा छोरोले ब्राजिलको बिहे गरेको छ । मेरो छोरीले हिजो अस्ति मात्रै बेलायतको नागरिकता लिएकी छ । यो आजको स्थितिमा यो आजको संसारमा यी कुरा मामुली भइसकेका छन् । यो स्थितिमा हामीले छोरी र हामीले के एउटा विचार गर्नु पर्छ भने हामीले बुहारीका माग गर्छौं राम्रो हो । तर छोरीलाई ध्यान दिन त हामीले बिर्सिरहेका छैनौं । यतातिर पनि हामीले दृष्टि पुऱ्याउन जरुरी छ । मलाई अहिले संसदमा ल्याएको स्थायी आवसीय प्रमाणपत्र दिने व्यवस्था जुन गरिएको छ । यसले मलाई लाग्छ राजनीतिक अधिकार बाहेक, चुन्ने र चुनिने बाहेक सम्पूर्ण अधिकार दिएको छ । किन भने व्याख्या गर्दागर्दै पनि यसभित्र दुई वटा कुरो अझै व्यवस्था गर्नु पर्छ । जसले गर्दा यो नागरिकता प्रमाणपत्र किन रोकियो भन्ने कुरो या अङ्गीकृतलाई जुन फरक गरिएको छ भन्ने कुरामा जे कारणले मान्छेलाई चोट परिरहेको छ त्यो दुई वटा बुँदा एउटा लोकसेवा आयोगमा प्रतिस्पर्धा गर्न पाउने र अर्को नेपालको राहदानी अङ्गीकृतले राहदानी पनि त्यो जुन हाम्रो व्यवस्था गरेका छौं । त्यो व्यवस्थाभित्र हामीले त्यो पनि व्यवस्था गर्नु पर्छ । त्यो गरौँ भने आम जनताको माग हामी समेट्न सक्छौँ । यो राहदानीको बारेमा कुरा गर्दाखेरि निजात्मक रूपमा मधेस-मधेस मात्र भनेर कुरा नगरौँ । पहाडका इलामदेखि लिएर सबैतिर हेर्ने हो भने घरघरै दार्जिलिङ्ग, कालिङ्पोङ बिवाह गरेको देखिन्छ । अझै तपाईं सिन्धुपाल्चोकदेखि, किमाथाङ्कादेखि जानु भयो भने चाइनामा बिवाह गरेको देखिन्छ । मैले पनि यो अनुरोध गरेँ । अध्यक्ष महोदय, मेरै परिवारमा पनि ब्राजिलको बुहारी आएकि छ । त्यसले गर्दाखेरि यो कुनै एउटा जाति, भाषा, क्षेत्र, धर्म केन्द्रित नभएर राष्ट्रियताको सवालमा यो कुरा राष्ट्रियतालाई रक्षा गर्नको लागि सार्वभौमिकताको रक्षाको लागि एउटा राष्ट्रिय महत्वका साथ आएको यो विधेयकलाई यसै किसिमले छलफलमा लैजान म अनुरोध गर्दछु । हस् त धन्यवाद ।

**सम्माननीय अध्यक्षः-** माननीय अनिता देवकोटा समय ७ मिनेट । यसपछि माननीय मृगेन्द्र कुमार सिंह यादव ।

**माननीय श्री अनिता देवकोटा (नेपाली काँग्रेस)**ः- सम्माननीय अध्यक्षज्यू, जेठ १० गते पश्चिमी रुकुमको सोतीमा अन्तरजातीय बिवाहको सन्दर्भलाई लिएर नवराज वि.क. लगायत ६ जनाको हत्या भयो । त्यही घटनालाई लिएर र रुपन्देही देवदहको अङ्गीरा पासी बलात्कारपछि हत्या, धनुषाको सवेला नगरपालिकामा प्रहरी कार्यालयभित्र सम्भु सदाको हत्या यी घटनालाई लिएर राष्ट्रिय दलित सङघर्ष समितिले प्रधानमन्त्रीलाई ज्ञापन पत्र दिने क्रममा बालुवाटारमा जाँदै गर्दा प्रहरीको लाठी चार्जबाट बलपूर्वक अन्धाधुन्द लाठी चार्ज गरेर सख्त घाइते भएका

छन् । नेपाली काँङ्ग्रेसका केन्द्रीय सदस्य लक्ष्मी परियार सख्त घाइते हुनु भएको छ । नेपाली काँग्रेसका जीवन परियार घाइते हुनु भएको छ, धेरै जनालाई त्यहाँ चोटपटक लागेको छ । यो घटनाको म घोर भर्त्सना गर्न चाहन्छु, आपत्ति प्रकट गर्न चाहन्छु, सम्माननीय अध्यक्ष महोदयज्यू । स्वतन्त्र अभिव्यक्ति गर्ने अधिकारलाई हामी किन अङ्कुश लगाउन खोज्दैछौँ । शान्तिपूर्ण रूपमा धर्ना गर्ने, आफ्ना कुराहरू प्रधानमन्त्रीलाई ज्ञापन पत्र बुझाउन जाने क्रममा बल प्रयोग गरेर जुन प्रकारको त्यहाँ घटना भयो त्यो घटनाको म अत्यन्त घोर आपत्ति प्रकट गर्न चाहन्छु र घोर भर्त्सना गर्न चाहन्छु । सम्माननीय अध्यक्षज्यू मार्फत् गृह मन्त्रीज्यूलाई सत्यतथ्य के हो ? सदनमा आएर जानकारी गराउन म सम्माननीय अध्यक्षज्यू मार्फत् गृह मन्त्रीज्यूलाई आग्रह गर्न चाहन्छु । जातीयताको नाममा अझ पनि हामीभित्र रहेको जुन अवशेष छ यो अवशेषलाई अन्त्य गर्नको लागि हामीले संविधानमा प्रद्त्त गरेका हाम्रा अधिकारहरूलाई कार्यान्वयन गर्ने शिलशिलामा अझ पनि राज्यबाट त्यो किसिमको व्यवहार हुँदैन सम्माननीय अध्यक्षज्यू, म यो घटनाको घोर भर्त्सना गर्न चाहन्छु र घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना पनि गर्न चाहन्छु ।

सम्माननीय अध्यक्षज्यू, हामी संसदीय अभ्यास मा छौँ सत्ता सरकारको हुन्छ । सदन प्रतिपक्षको हुन्छ, प्रतिपक्षले जनता संविधान र सदनप्रति सरकारलाई उत्तरदायी बनाउन, जवाफदेही बनाउन, संसदका माध्यमबाट खवरदारी गर्ने संसदीय अभ्यास हो सम्माननीय अध्यक्षज्यू । अहिले यदाकदा संसदमा अङ्क गणितीय रूपमा ठुलो भएकै कारण यहाँ उठेका कुराहरूलाई सुन्न नसक्ने, धैर्यता राख्न नसक्ने अवस्थाको सिर्जना भइरहेको छ । म प्रश्न गर्न चाहन्छु हामी लोकतान्त्रिक अभ्यासको कुरा गर्ने, लोकतान्त्रिक अभ्यासको कुरा गर्ने बेला संसदभित्र उठेका कुराहरूलाई सुन्न नसक्ने अधैर्यता हो भने यो संसदीय व्यवस्थाको उपहास हो । लोकतन्त्रको उपहास हो । हामी कता जाँदैछौँ हामी सर्वसत्तावादतर्फ उन्मुख हुँदै त छैनौँ भन्ने अहिले प्रश्न उठेको छ सम्माननीय अध्यक्षज्यू । होला कम्युनिष्टको दुई तिहाइ होला, दुई तिहाइलाई दुई तिहाइ भन्न नपाउने ? दुई तिहाइलाई दुई तिहाइभन्दा हामीलाई हेप्ने भन्ने कुराहरू यहाँ आउन थालेको छ सम्माननीय अध्यक्षज्यू । त्यसैले अङ्क गणितीय हिसाबमा कम्युनिष्टको अहिले सरकार होला सत्ता कम्युनिष्टको छैन । यो कुरा ख्याल राख्न जरुरी छ । सम्माननीय अध्यक्षज्यू, १९४५ मा कालमार्क्सले जर्मनको नागरिकता त्यागेका थिए । त्यही नागरिकता, त्यही सिद्धान्त अङ्गिकार गर्नेहरूले अहिले राष्ट्रियताको पाठ नेपाली काँग्रेसलाई सिकाउँदैछन् सम्माननीय अध्यक्षज्यू । यो कस्तो हास्यास्पद कुरा हो । म प्रश्न गर्न चाहन्छु । सम्माननीय अध्यक्षज्यू, अतिक्रमित भूमि कालापानी, लिपुलेक र लिम्पियाधुरा संविधानको निशान छापमा हुनु पर्छ भनेर नेपाली काँग्रेसले संस्थागत निर्णय गऱ्यो । संसदीय दलले संस्थागत निर्णय गऱ्यो । सर्वसहमत रूपमा कोभिड-१९ बाट मुलुक आक्रान्त हुँदै गर्दा यो महामारीलाई रोकथाम गर्न उपचार र उद्धार गर्न नेपाली काँग्रेसले कोभिड-१९ को कोषमा पैसा जम्मा गरेर नेपाली काँग्रेस यो महामारीलाई रोकथामको लागि सरकारसँगसँगै उभिने प्रतिवद्धता व्यक्त गऱ्यो । सरकारले लकडाउन गऱ्यो सम्माननीय अध्यक्षज्यू, लकडाउनभित्र अध्यादेश

ल्याएर दल सम्बन्धी अध्यादेश संवैधानिक परिषद्मा विपक्षीबीनाको संवैधानिक परिषद् निर्माण गर्ने अध्यादेश ल्यायो जो बिरोधका कारण टिक्न सकेन । कोभिड-१९ को उपचार र उद्धारका काममा, स्वास्थ्य सामाग्रीहरूमा अनियमितता हुँदै गए अहिले थिलो-थिलो लकडाउनको कारणले, कोभिड-१९ को कारणले थिलो थिलो परेको उद्योग व्यवसायहरूलाई कर तिर्न घाँटी निमोठ्ने सम्माननीय अध्यक्षज्यू । तर स्वास्थ्य सामाग्रीमाथि भएको हिनामिना चाहे त्यो ओम्नीसँग गरेको सम्झौता होस्, चाहे सेनाको G to G सम्झौता होस्, चाहे त्यो खरिपाटीको क्वारेन्टाइनमा औषधि नकिनेर बिल तिर्ने कुरा होस् अहिले सरकार भ्रष्टाचारमा निर्लिप्त छ, सम्माननीय अध्यक्षज्यू । योभन्दा लज्जास्पद कुरा के हुन सक्छ सम्माननीय अध्यक्षज्यू ? त्यसैले म आग्रह गर्न चाहन्छु सरकारलाई यो विपद्को बेला, राष्ट्र विपद्को बेला सरकारले जनतालाई राहत दिने उपचार र उद्धारमा खटिने बेला आफ्नो त्यो शक्ति त्यतातिर सरकारले लगाउन सकिरहेको छैन । आरडीटीमा जनताको विश्वास छैन, पीसीआर टेष्टको दायरा जति द्रुत गतिले गर्न सक्नु पर्दथ्यो त्यो रूपमा अहिले गर्न सकेको छैन बाढी पीडितबाट अहिले ठाउँ-ठाउँमा अहिले जलमग्न भएको छ, रासायनिक मल नपाएर किसानहरू अझ पनि खेतमा आफ्नो बिउ बिजन रोप्न नपाइरहेको अवस्था छ । यो बेला सरकार भ्रष्टाचार गर्ने र आफ्नो प्रशंसामा रमाउनेतर्फ सरकारको ध्यान गएको छ । त्यसैले म सम्मानित सभाका माध्यमबाट .......( समय सकिएको हुँदा माइक काटिएको) ।

**सम्माननीय अध्यक्षः**- माननीय मृगेन्द्र कुमार सिंह यादव समय ७ मिनेट । यसपछि माननीय चक्र प्रसाद स्नेही ।

**माननीय श्री मृगेन्द्र कुमार सिंह यादव (राष्ट्रिय जनता पार्टी)**:- सम्माननीय अध्यक्ष महोदय, भर्खरै पूर्ववक्ता माननीयजीले संसद चाहिँ प्रतिपक्षको र सरकार सत्तापक्षको । यहाँ प्रतिपक्षले केही प्रश्नहरू सरकारसँग गऱ्यो भने सरकारको त जवाफ आउँदै आउँदैन तर ‘क’ श्रेणीका सांसदज्यूहरूबाट नै जवाफ आउँछ । त्यसैले यो कुरा यहीँ राखौँ । यो मुलुक बहुसांस्कृतिक, बहुधार्मिक, बहुजातीय, र विभिन्न परम्परा र व्यहारहरू भएका नागरिकहरू मिलेको यो मुलुक हो अध्यक्ष महोदय । अहिले भर्खर जो सत्तापक्षले पूर्वसहमति २०६३ सालमा सशस्त्र द्वन्द्व, मधेस आन्दोलन, विभिन्नको पछि चाहिँ जो एउटा राष्ट्रिय सहमति भएर नागरिकता सम्बन्धमा नागरिकता कानून बनाएको थियो । त्यसलाई चाहिँ झण्डै दुई तिहाइको अहङ्कार र दम्भले जुन संशोधन गरिएको छ । निश्चित रूपमा अध्यक्ष महोदय, यहाँ विभिन्न संस्कृतिहरू छन् हाम्रो तराईतिर अवधि संस्कृति, मिथिला संस्कृति, विराट कोचिला संस्कृति त्यस्तै यता पनि विभिन्न संस्कृतिहरू छन् । हाम्रो संस्कृतिमा जब बुहारी ल्याइन्छ, सिन्दुर दान हुन्छ, ७ फेरा लिइन्छ त्यसपछि त्यसलाई हामी अर्धाङ्गिनी मान्छौँ । आधा अङ्ग मान्छौँ तर

त्यसमाथि चाहिँ यो प्रहार भएको छ । पहिलेदेखि के बिग्रीएको थियो ? किन ल्याउनु पर्‍यो यस्तो संशोधन ? के बिग्रिएको थियो त्यो चेलीहरू जसलाई हामी बिहे गरेर ल्याउँछौं त्यसले के बिगारेको थियो ? कोशी, गण्डकी, महाकाली, पञ्चेश्वर जति नदीनाला, खोला तिनीहरूले नै बेचेका हुन् । तिनीहरूले नै त्यो राष्ट्रघाती सम्झौता गरेका हुन् ।

त्यसैले अध्यक्ष महोदय, यहाँ सरकारले जे गर्‍यो-गर्‍यो हाम्रो भावनामाथि, हाम्रो दिलमाथि नै चोट पुर्‍यायो र बाहिर र भित्र पनि त्यसमा त्यो घाउमा चाहिँ नुन र चुक दल्ने काम भइरहेको छ । विभिन्न प्रश्न उठाइन्छ के यो संविधान विपरित कसरी भयो ? यो सहमति विपरित कसरी भयो ? सरकारले दम्भ कहाँ देखायो ? म त्यो प्रश्नहरूलाई प्रष्ट पार्न चाहन्छु । संविधानको नागरिकता सम्बन्धी धारा ११ (छ) को प्राबधानको पहिलो वाक्य सार्वभौम कानूनसँग जोडिएको र दोस्रो वाक्य कार्यविधि र प्रकृयासँग कि चाहिँ संघीय कानून बनाएर लिने । त्यससँगै कानून राष्ट्रिय सहमति अनुसार २०६३ को कानूनमा थियो त्यो प्रकृया हो कसरी लिने ? त्यसलाई जबरजस्ती त्यो झिनो मतले ११ जना नोट अफ डिसेन्ट लेखिएको छ । त्यसले चाहिँ जबरजस्ती गर्‍यो । । त्यसैले र फेरि संविधानले परिकल्पना नै गरेको अस्थायी आवसीय निस्सा प्रमाणपत्र दिने रे ! त्यो संविधानले परिकल्पना नै गरेको छैन । त्यो कसरी दिने ? त्यो दिन सक्दैन कसैले रिट हालिदियो भने दिँदैन । ७ वर्ष नागरिकताविहीन भएर हाम्रा बुहारीहरू बस्ने त्यो ७ वर्षभित्र केही गर्न नपाउने ? यस्तो त्यसैले म आग्रह गर्न चाहन्छु । सरकारसँग, सत्तापक्षसँग कि त्यसमा पूनर्विचार गरियोस् ।

मिथिला संस्कृतिमा निश्चित रूपमा मिथिला राज्य जो पहिलेदेखि आजभन्दा धेरै पुरानो मिथिला आजको मात्रै होइन त्रेतायुगमा मिथिलासँग अयोध्याका राजा रामको बिवाह भएको थियो । त्यो मिथिला अहिले नेपालमा जति छ त्योभन्दा २ गुणा दुई तिहाइ हिन्दुस्थानमा छ । अवध जे जति नेपालमा छ त्योभन्दा बढी हिन्दुस्थानमा छ । विराट कोचिला जति नेपालमा छ त्योभन्दा बढी त्यसैले त्यहाँ मिथिलाको संस्कृति हाम्रो त्यहाँ पनि छ । म जादव छु जादव जति नेपालमा छ त्यसको १० गुणा चाहिँ हिन्दुस्थानमा छ । राजपुत जति नेपालमा छ त्यसको ५० गुणा जति हिन्दुस्थानमा छ । हाम्रो साधी, बिवाह, यताउति हुन्छ । कुनै कानून बनायो भने ठीक छ नेपालकै लागि बनाएको हो । तर सबैभन्दा प्रभावित कहाँ भइरहेको छ ? त्यो प्रभाव सबैभन्दा कहाँ बढी भएको छ ? त्यसैले त्यो हाम्रो हामीलाई परि परिरहेको छ हाम्रो त्यो ७ वर्षसम्म त्यो बिवाह गरेर ल्याएको त्यो बच्चा केही भयो भने त्यो अनागरिकको कोखमा पाउने ? त्यो कोख नै अनागरिक भयो । त्यसैले सभा अध्यक्ष महोदय, त्यसमा विशेष ध्यान दिइयोस् । अन्त्यमा ..........(समय सकिएको हुँदा माइक काटिएको) ।

**सम्माननीय अध्यक्षः**- माननीय चक्र प्रसाद स्नेही समय ५ मिनेट । यसपछि माननीय प्रमिला कुमारी ।

**माननीय श्री चक्र प्रसाद स्नेही (नेपाल कम्युनिष्ट पार्टी, नेकपा):-** सम्माननीय अध्यक्षज्यू, यतिबेला देशभरि नै विभिन्न क्वारेन्टाइनमा स्वास्थ्यको अग्रमोर्चामा रहेर काम गरिरहेका स्वास्थ्यकर्मीप्रति जुन किसिमका घटनाहरू घटिरहेका छन्, यो घटनाहरू खेदजनक छन् र उहाँहरूले उचित किसिमको न्याय पाउन् भनेर म समग्र रूपमा देशभरि नै स्वास्थ्यकर्मीहरूको पक्षमा ध्यान आकर्षण गर्न चाहन्छु । यो जब चैत्र ११ गतेबाट नेपालमा बन्दाबन्दी सुरु भयो र योभन्दा पूर्व नै म उदाहरणका निमित्त केही व्यवसायीहरूको मात्र म यता जानकारी गराउन चाहन्छु कि गतवर्षको मङ्सिर पुसदेखि निरन्तर पानी पर्‍यो । निरन्तर पानीका कारण इटा व्यवसायी गर्ने मान्छेहरूका इटाहरू बन्न सकेनन् र त्यसपछि ११ गतेदेखि जब लकडाउन सुरु भयो र यो लकडाउनको समयमा त काम हुने कुनै सुरसारै भएन । यसै गरिकन यो ४ महिनाको बन्दाबन्दीमा सार्वजनिक बस व्यवसायीहरू ठुलो मर्कामा परिरहेका छन् । उहाँहरूले दिने सेवा पनि दिन पाइरहेका छैनन् र उहाँहरूले आफूले दैनिक चलाउनु पर्ने कारोबारहरू पनि चलाउन यतिबेला समस्या परिरहेको छ । यस्तै देशका तमाम् पेशा, व्यवसायी गर्ने मान्छेहरू एकदम ठुलो मर्कामा यो बन्दाबन्दीका कारण परेका छन् । र मैले सरकारलाई आग्रह गर्न चाहेको के मात्र हो भने यो बन्दाबन्दीको समयमा यो किसिमको जटिल परिस्थितिमा बाँचेका व्यवसायीहरू जो छन्, यी विभिन्न व्यवसायीहरूले बैङ्क किस्ताका निमित्त, बैङ्क व्याजका निमित्त र बैङ्क बक्यौताका निमित्त बैङ्कले दैनिक ताकेता गरिरहेको छ । यसरी बैङ्कले दैनिक ताकेता गर्ने उहाँहरूका पेशा व्यवसायीहरू केही पनि नचल्ने । यो किसिमको विषम परिस्थिति भएको हुँदा यी व्यवसायीहरू यतिबेला देशमा छट्पटाइरहेका छन् । यसरी व्यवसायीहरूप्रति यो ठुलो किसिमको आपत्ति आइपरेको हुँदा नेपाल सरकारले तत्-तत् बैङ्कहरूलाई अनुदान उपलब्ध गराएर उहाँहरूले कमसेकम यो व्याज व्यवसायीहरूको बैङ्कले लिएको जो व्याज छ, यो व्याज मिनाहाका निमित्त के पहल गर्न सक्छ ? नेपाल सरकारले तत्काल त्यो पहल गरिकन र यो विभिन्न किसिमका व्यवसायमा रहेका व्यवसायकर्मीहरूको यो जटिल परिस्थितिलाई कसरी सम्बोधन गर्न सकिन्छ ? म नेपाल सरकारको सदनबाट र अध्यक्ष महोदय मार्फत् ध्यान आकर्षण गर्न चाहन्छु ।

यतिबेला देशभरि नै विभिन्न पेशा व्यवसायमा रहेका मान्छेहरू यतिबेला ठुलो विपत्तिमा परिरहेका छन् । यो विपत्तिमा परिरहेको बेला एकातिर नेपाल सरकारले कर चुक्ताको निमित्त ताकेता गर्छ, एकतिर बैङ्कहरूले व्याज र किस्ताको ताकेता गर्दैछन् भने अर्कोतिर यही बाँझिएको अदालतले लकडाउन खुलेको १ महिनापछि मात्र यो कर तिर्ने कुराहरू, बैङ्क किस्ता तिर्ने कुराहरू र बैङ्क व्याज बुझाउने कुराहरू लकडाउन खुलेको १ महिनापछि मात्र गर्नु भनेर सरकारलाई अदालतले आदेश गर्छ । आदेश र सरकारको गतिविधि र बैङ्कको गतिविधि एकआपसमा बाझिएको छ । यतिबेला व्यवसायमा रहेका नेपालका तमाम् व्यवसायमा रहेका व्यवसायकर्मीहरू उहाँहरूले चिच्याउनु बाहेक, रुनु-कराउनु बाहेक, उहाँहरूले रुनु बाहेक,

उहाँहरूसँग कुनै विकल्प छैन । त्यसो भएको हुनाले म अध्यक्ष मार्फत् नेपाल सरकार र सम्बन्धित मन्त्रालयको ध्यान आकर्षण गराउन चाहन्छु । कि यस्ता बैङ्कहरूबाट लिएका ऋणीहरूले जो कर्जा छ, यी ऋणीहरूका कर्जाका निमित्त कर्जा चुक्ताको कुरा मैले गरेनँ । यिनी ऋणीहरूका व्याज मिनाहाको कुरा नेपाल सरकारले सम्बन्धित बैङ्कलाई अनुदान प्रदान गरेर सम्भव हुन्छ, या बैङ्कसित सम्बन्धित मन्त्रालयले बसेर छलफल गरेर कुन माध्यमबाट यी नेपालमा रहेका तमाम् व्यवसायमा रहेका व्यवसायकर्मीहरूको जो चिच्चाहट छ, जो रोदन छ, जो उहाँहरूले दैनिक उहाँहरूलाई बस्न र उठ्न सम्भव भइरहेको छैन । यतातिर म अध्यक्ष मार्फत् नेपाल सरकार र सम्बन्धित मन्त्रालयको ध्यान आकर्षण गराउन चाहन्छु । यतिबेला सुदूरपश्चिममा यो कोरोनाको महामारीले अत्याधिक रूपमा चाप लिइरहेको छ र त्यो पीसीआरबाट पनि पोजेटिभ प्रमाणित भइसकेकाहरूलाई पनि तपाईं घरमा सेफ क्वारेन्टाइन बसेर तपाईं रहनुहोस् भनेर अहिले त्यो क्वारेन्टाइनबाट, आइसोलेसनबाट मान्छेहरूलाई छोड्ने, घर पठाउने काम भइरहेको छ । अब सरकारले यति ठुलो लगानी गर्ने, आइसोलेसनको व्यवस्थाका निमित्त र सङ्क्रमितहरूको निमित्त नेपाल सरकारले ठुलो लगानी गर्ने तर स्थानीय तहले त्यसरी पठाउने जो सुपमा चलिरहेको छ, यसप्रति पनि नेपाल सरकारको सम्बन्धित मन्त्रलायको अध्यक्ष मार्फत् ध्यान आकर्षण गराउँदै आफ्नो भनाइहरूबाट बिदा हुन्छु । हवस् धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय प्रमिला कुमारी समय ७ मिनेट । यसपछि माननीय तारा देवी भट्ट ।

**<u>माननीय श्री प्रमिला कुमारी (समाजवादी पार्टी)</u>**:- सम्माननीय अध्यक्ष महोदय, प्रतिनिधि सभाको राज्य व्यवस्था समितिले प्रतिनिधिसभामा पेश गरेको नागरिकता सम्बन्धी विधेयकमा नेपाली पुरुषसँग बिवाह गरी आउने विदेशी महिलालाई ७ वर्षपछि मात्र बैवाहिक अङ्गीकृत नागरिकता दिने सम्प्रदायिक र विभेदकारी निर्णय गरेको हुँदा जनता समाजवादी पार्टी नेपालले घोर आपत्ति प्रकट गरेको छ । यो ऐन मुख्यत: मधेसी समुदायप्रति लक्षित गरिएको भए तापनि यसले लैङ्गिक र जातीय विभेदलाई नै निरन्तरता दिएको छ । यो कानून बनेपछि मुलत: नेपाली र भारतीय जनताबीच युगौं युगदेखि कायम रहेको सामाजिक, सांस्कृतिक र पारिवारिक सम्बन्ध भत्काउने र नकारात्मक असर पार्ने नै छ । विगतमा प्राप्त रहेको सुविधा, सेवा र अवसरलाई खोस्ने ठुलो षड्यन्त्र भएको  छ । वि. सं. २००९ पछि सबभन्दा बढी विधेयक मधेस बिरोधी नागरिक सम्बन्धी कानून अहिलेको सरकारले ल्याएको हो । कतिपय महिला अधिकारकर्मीज्यूहरू एवम् विज्ञज्यूहरूले न्यायको सिद्धान्तमा आधारित प्रश्न उठाउनु भएको छ । ७ वर्षे प्रावधान किन ? समानताको नारा लगाउने सरकारले विदेशी ज्वाँइको सवालमा मौन किन ? संघीय

लोकतान्त्रिक गणतन्त्र स्थापना भएपछि विक्रम सम्वत् २०६३ सालको अन्तरिम संविधान अनुसार किन अहिले नागरिकता सम्बन्धी संघीय कानून बनेन ? नेपालको नागरिकता वितरण थालेको दिनदेखि अहिलेसम्म बैवाहिक अङ्गीकृत  नागरिकता प्राप्त गर्ने महिलाको सङ्ख्या लगभग ३ लाख रहेको कुरा गृहमन्त्रालयले तथ्याङ्क देखाएको अवस्था छ । जसमध्ये यो लामो अवधिमा कतिको मृत्यु भयो । कति नेपालबाट गइसके भन्ने तथ्याङ्क छैन ।

नेपालबाट भारतको सेवा सुविधा लिनेको सङ्ख्या लगभग ५० देखि ५५ लाख छन् । यसै तथ्याङ्कलाई आधार मान्दा हाम्रो देश कसरी फिजी बन्ने भयो ? अहिलेको  २१ औं शताब्दिमा समलैङ्गिक समानताको आवाज उठिरहेको बेला लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकहरूलाई पनि नागरिकता दिनु पर्ने ठाउँमा महिला र पुरुषको बिचमा कुनै किसिमको भेदभाव नहुनु पर्ने । महिलालाई कुनै किसिमको राजनीतिक अधिकार नदिई मताधिाकारबाट पनि बञ्चित गर्नु, ७ वर्षसम्म गैरनागरिक बनाएर राख्नु अहिलेको मोर्डन साइन्टिफिक युगमा एउटा सङ्किर्ण दायरामा मुलुकलाई फसाएर यो सरकारले निरङ्कुशता प्रदर्शन गर्न लागेको छ । अहिलेको नेपालको संविधानमा वंशज नागरिकता मात्र राष्ट्रपति, प्रधानमन्त्री लगायत १३ उच्च संवैधानिक पदमा नियुक्त हुन पाउने धारा २८९ को उपधारा १ ले निषेध गरेकै छ । किन हतारिनु पऱ्यो ? भारतले नेपालको जग्गा अतिक्रमण गर्ने  गरेको कुरा चलिरहेको बेला चीनले पनि नेपालको ७ जिल्ला नै कब्जा गरेको कुरा कान्तिपुरले सार्वजनिक गरेको छ । यो के कति सत्य हो ? पराराष्ट्र मन्त्रालय किन मौन छ ? सदनलाई जनकारी हुनु पऱ्यो कि परेन ? नश्लवादी चिन्तन राख्नेहरूले अल्पमतमा पर्ने डर भएकै कारण विदेशी बुहारीको मताधिकार र लोकसेवा आयोग दिने अधिकार समेत खोस्न खोजेको छ । विक्रम संवत् २०७२ को संविधानको धारा ११ को उपाधारा (६) मा नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध भएको विदेशी महिलाले चाहेमा कानून बमोजिम अङ्गीकृत नागरिकता लिन सक्ने व्यवस्था हुँदा-हुँदै मधेसीलाई राजनीतिक रूपले कमजोर पार्ने रणनीति यो सरकारले लिएको हो । संविधानमा समायावधि छैन । ऐनमा किन तोक्नु पऱ्यो ? मधेसी मोर्चासँग काँग्रेस, तत्कालीन एमाले र तत्कालीन माओवादीले गरेको बैवाहिक अङ्गीकृत नागरिकता दिने सहमति किन अहिलेको सरकारले तोड्न चाहन्छ ? मधेसीहरूका लागि नागरिकता सम्बन्धी कानून भविष्यमा झन् कडा हुने विज्ञहरूको भविष्यवाणी सत्य हुने सम्भावना बढेको छ । मुलुक, गोत्र, वंश त्यागेर विदेशी महिला नेपाली पुरुषसँग बिहे गरेपछि पनि गैरनागरिक भएर नेपालमा बस्दा ऊ कहाँको नागरिक हुन्छ ? भारतकै अभ्यास अनुसार ७ वर्षको समयावधि तोकेको हो भने भारतको नागरिकसँग बिवाह गर्ने विदेशी महिलाले राजनैतिक अधिकार पनि, रासन कार्ड र आधार कार्ड पाउने वित्तिकै प्राप्त गर्छ ।

हाम्रो सरकारले दिन लागेको स्थायी आवासीय अनुमति पत्रले त मतदान गर्ने र लोकसेवा आयोग दिने अधिकार पनि खोसेको छ । यस्तो अन्याय किन ? बैवाहिक अङ्गीकृत नागरिकता लिने विदेशी महिलाहरूले हजारौँ वर्षको सम्बन्धलाई कहाँ कमजोर बनाएको छ ?

कुमाऊ, गढवाल, नैनीताल, आसाम, कन्याकुञ्जबाट आउनेहरू वर्षौंदेखि नेपालको अर्थतन्त्र, राजनीतिक सत्ता शक्ति र व्युरोक्रेशी कब्जा गरेर बसेका छन् । भारततिर लम्पसार पर्ने यी राष्ट्रवादीहरूले नेपालको प्राकृतिक स्रोतहरूको राष्ट्रघाती सम्झौता गरेका छन् । मधेसीलाई गोली ठोकेर ल्याउने संघीय लोकतान्त्रिक गणतन्त्रको संविधानलाई किन संशोधन गर्नु पऱ्यो ? गम्भीरता र कुटनीतिक चातुर्यता नभएको सरकारले भूमि फिर्ता ल्याउन सक्छ भन्ने कुरामा नेपाली जनता कसरी विश्वस्त हुने ? सरकारको नागरिकता सम्बन्धी अहिलेको कदमले विदेशबाट बिवाह गरी आउने महिलाले अझ बढी लैङ्गीक हिंसा, विभेद, अन्याय र असमानता भोग्नु पर्ने छ जसबाट राज्यविहीनताको स्थिति सिर्जना भई राष्ट्रीय एकताको भावनालाई पनि कमजोर पार्ने छ । तसर्थ बैवाहिक अङ्गीकृत नागरिकताको सम्बन्धमा पहिलाकै संविधानहरू र नागरिकता ऐनमा भएका व्यवस्था नै उपयुक्त छ भन्दै नेपाल सरकारको ध्यान आकृष्ट गराउन चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय तारा देवी भट्ट समय ७ मिनेट । यसपछि माननीय डा. विमला राई (पौड्याल) ।

**माननीय श्री तारा देवी भट्ट (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, गरिबीको अन्त्य, भोकमरीबाट उन्मुक्ति, स्वस्थ जीवन, समावेशी र गुणात्मक शिक्षा, लैङ्गीक समानता, सरसफाइ, दिगो उर्जा, मर्यादित रोजगारी, उत्पादन र उपभोगको ढाँचामा सन्तुलन सुदृढ र सवल पूर्वाधार, असमानताको अन्त्य, जलवायु परिवर्तनको प्रभावसँग सामना गर्न सक्ने सामर्थ्य, वातावरणीय संरक्षण, सुशासनमैत्री सार्वजनिक निकाय र दिगो विकास हाम्रा मूल अवयव र विश्वव्यापी सर्वमान्य मान्यता हुन् भन्ने स्मरण गराउन चाहन्छु । हाल विश्वव्यापी महामारीको रूपमा फैलिएको कोभिड-१९ को जोखिम र प्रभावले गर्दा विकासलाई वर्तमान परिप्रेक्षमा पुनर्गति दिनु आवश्यक छ । अहिले विकासका बहुआयामिक अवस्थाको सर्वेक्षण र कार्यगत एकता विकासको ढाँचामा रूपान्तरण एवम् प्राथमिकीकरणबाट हाम्रा माथिका लक्ष्यहरू कार्यान्वयन गर्न सकिने हाम्रो ठहर छ । बजेटसँगै हाम्रो लक्ष्यहरू कार्यान्वयनमा सहयोग पुऱ्याउन सुशासनको प्रबर्द्धन, सबै सरोकारवालाहरूसँग छलफल, अवस्था हेरी स्थलगत अनुगमन, प्रदेश र स्थानीय निकायसँग नियमित छलफल, अन्तरक्रिया गर्नुका साथै विषयगत सबै मन्त्रालयहरूको नीति कार्यक्रम, स्रोत परिचालन र आशातित उपलब्धिहरू हासिल गर्न गरिनु पर्ने यथाशीघ्र पहलकदमी यस सम्मानित सदनको ध्यान आकर्षण गराउन चाहन्छु । यसको साथै विकास कार्यान्वयनको सवालमा संघ, प्रदेश र स्थानीय तह बीचको समन्वय अत्यन्त महत्वपूर्ण र आइपरेको समस्या तथा चुनौतीहरूको सामना गर्दै अवसरको उपयोगको लागि साझा भूमिका र ऐक्यवद्धता खोजिनुपर्ने आजको अपरिहार्य आवश्यकता भएको छ । संघ

आफ्नै ढङ्गले हिँड्ने, प्रदेश आफ्नै  ढङ्गले हिँड्ने र स्थानीय तह आफ्नै तरिकाले हिँड्ने र समन्वय एवम् सामञ्जस्यता मिल्ने हैन भने हामी कुनै पनि गन्तव्यमा पुग्न सक्दैनौं भन्ने निश्चित छ । यसको नेतृत्व संघीय सरकारले लिनुपर्दछ र जनतालाई उच्च केन्द्रमा राख्दै अघि बढ्नु पर्छ भन्ने मेरो मान्यता हो । सरकारसँग यसको लागि माग पनि गर्दछु । यसको लागि नियमित पैरवी, समन्वय, अनुगमन, परिप्रेक्षण, निर्देशन, छलफल र दिशानिर्देश गर्ने गतिविधिलाई सवलीकरण गर्नु सान्दर्भिक देखिन्छ ।

सम्माननीय अध्यक्ष महोदय, नेपालमा राजनीतिक संक्रमणकालको अन्त्य भई अहिले मुलुक आर्थिक, सामाजिक रूपान्तरणमा जुट्नु पर्ने बेला हो । हाम्रो मानव विकासको सूचकाङ्कमा पनि पछि परेका तथा बहुआयामिक गरिबीको हिस्सा बढी भएका जिल्लाहरूमा सुशासन र भौतिक निर्माण पक्ष एकदमै कमजोर रहेका छन् । त्यसै पनि हाम्रो एकदमै सीमित साधन, स्रोत साधन भएको देश, त्यसमा पनि तथ्याङ्क विभागका तथ्याङकहरू र योजना आयोगका प्रदेशैपिच्छे गरिएका स्तरीकृत डाटाहरू नकेलाइकनै हाम्रो योजनाहरू पहुँचमा आधारित भएर बन्छन् र स्वीकृत हुन्छन् । तथ्यहरू केलाउन थाल्ने हो भने कता पुग्छ कता । राष्ट्रिय गौरवका आयोजनाहरूको प्रगति त्यति सन्तोषजनक छैन र कतिपय आयोजनाहरूको स्टाटस शून्य छ । सम्माननीय अध्यक्ष महोदाय, चुरे क्षेत्रको दोहनबाट बाढी, डुबान, नदी सतहको बृद्धि, भूमिगत पानीको सतह घटेको अवस्था, ऋतु चक्रमा उतारचढाव र जलवायु परिवर्तनको कारण आर्थिक, सामाजिक, प्राकृतिक र हाम्रो समग्र जीवनमा नकारात्मक असर परेको छ । त्यसैले विकासको बहुआयामिक पक्ष र जनजीवनमा परेका प्राभाव समेतलाई मध्येनजर गरी चुरे संरक्षण कार्यक्रमलाई प्रभावकारी ढङ्गले अगाडि बढाउन वाञ्छनीय देखिएकोले त्यसतर्फ सम्मानित सदन मार्फत् सरकारको ध्यान आकर्षण गराउने चाहन्छु । यसै प्रकारले क्रसर उद्योगबाट पर्न जाने वातावरणीय असर र क्षतितर्फ सरकराको बेलैमा ध्यान जानु जरुरी छ । यसको साथै जलवायु परिवर्तनमा नेपालको भूमिका नगन्य भए पनि यसको अत्यधिक प्रभावित हुने मुलुकको सूचीमा हामी पर्छौं । यसले गर्दा कृषि, जलस्रोत, वन, जैविक विविधता, स्वास्थ्य, पर्यटन, उर्जा, सिँचाइ, बसोबास र पूर्वाधारमा प्रतिकूल प्रभाव परेको छ । यही कारणले गर्दा तापक्रम बृद्धि भई हिमालयको हिउँ पग्लने अवस्था, उपल्लो भू-भाग मरुभूमीकरण हुँदै गरएको र पानीको स्रोतहरू सुक्ने समस्याहरूको लागि हाम्रा नीतिगत कुराहरूको सुधारको मार्ग पहिचान गर्नु पर्ने र यी विषयहरूमा सरकार संवेदनशील हुनु पर्छ र यसको उच्च स्तरीय अनुगमन गरिनु पर्नेतर्फ सदन मार्फत् सरकारको ध्यान आकर्षण गराउन चाहन्छु । जलवायु परिवर्तनको  विषयमा तीन वटै तहको सरकारबीच कार्यगत एकताको अपिल गर्दछु ।

सम्माननीय अध्यक्ष महोदय, अब म अहिलेको समसामयिक जनस्वास्थ्यको विषयमा केही कुरा राख्ने अनुमति चाहन्छु । स्वास्थ्य मन्त्रालयले पठाएको पीसीआर कीट रिएजेन्ट बीरगञ्जको नारायणी अस्पतालमा कामै नलाग्ने अवस्था भएर त्यहाँ काम ठप्प भएकोतर्फ

सरकारको ध्यान आकर्षण गराउँदछु । सरकारले पठाएका पीसीआर कीट र त्यहाँ भएको मसिन मिल्दैन र त्यहाँबाट हजारौं स्वाब टेकुको प्रयोगशालामा पठाइएको समाचार आएको छ । अघिल्लो पटकका कीटहरू मिले पनि यस पटक किनेका कीटहरूले कामै गरेन भन्ने कुरा आएको छ । यो के भएको हो ? त्यस्तै मकवानपुरमा पनि पहिलेकोभन्दा अहिलेको कीटको गुणस्तर त्यति राम्रो नभएको कुरा आएको छ । कतै यसमा ठुलै अनियमितता भएको त छैन ? भन्ने प्रश्न उठिरहेको छ । त्यसैले त्यसतर्फ सम्बन्धित सबै सरोकारवालाहरूको ध्यान आकर्षण गराउन चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, अर्को सन्दर्भ छ, चीनतर्फ ७ जिल्लामा विभिन्न ठाउँमा सीमा अतिक्रमण भएको समाचारहरू आइरहेका छन् । राष्ट्रियताको सवालमा हामीले कसैको जमिन लिनु पनि हुँदैन र एक इञ्च जमिन छोड्नु पनि हुँदैन । म सरकारसँग यसको वास्तविक तथ्य पहिचान गरी कुटनीतिक पहल मार्फत् समस्याको समाधान गर्न माग गर्दछु । हाम्रो लागि भारत र चीन दुवै मित्रराष्ट्र हुन् । भारतसँग सदियौंदेखिको बहुसांस्कृतिक सम्बन्ध छ जसलाई जोगाउन हाम्रो दीर्घकालीन हितमा हुन्छ भने चीन पनि हामीलाई सहयोग गर्ने मित्रराष्ट्र हो । त्यसैले हाम्रो भूमि कुनै पनि देश बिरुद्ध प्रयोग हुँदैन भन्ने कुरा सुनिश्चित र दुबै देशलाई ढुक्क पनि पार्न सक्नु हाम्रो सफल कुटनीतिक हुनेछ भन्ने मेरो बुझाइ छ । सरकारले यसमा व्यापक पहल गर्नुपर्छ र हाम्रो देश बुद्ध जन्मिएको देश भएकोले क्षेत्रीय शान्तिको लागि पनि हाम्रो पहल हुनु पर्दछ । अन्त्यमा सिमानाका, मित्रराष्ट्रहरूसँगको सौहार्दपूर्ण सम्बन्ध र क्षेत्रीय शान्तिको लागि कुटनीतिक पहल गर्न सरकारको ध्यान आकर्षण गराउँदछु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय विमला राई (पौड्याल) समय ७ मिनेट ।

**माननीय डा. विमला राई (पौड्याल) (मनोनीत)**:- सम्माननीय अध्यक्षज्यू । मलाई बाबु आमा पछाडि सबैभन्दा बढी सम्मान गर्ने व्यक्तित्व भनेको शिक्षकहरू हुन् जस्तो लाग्छ । किनभने मैले मेरा बाबु आमाबाट जे सिकेँ र जुन अवस्थामा छु त्यसमा त्योभन्दा बढी नै योगदान शिक्षकहरूले दिनु भएको छ । विशेष गरिकन विद्यालय शिक्षकहरूले । कुनै पनि देश प्रगति गर्नुभन्दा प्रगतिको बाटोमा जाँदाखेरि सबैभन्दा बढी योगदान त्यहाँका नागरिकहरूले गर्छन् र त्यो नागरिकहरूलाई देश विकासको लागि योगदान गर्न सक्षम बनाउने थलो भनेको विद्यालय हो । अब्बल मान्छेहरू जब शिक्षक हुन्छन् अनि विद्यार्थीहरू पनि अब्बल हुन्छन् र तिनीहरू नै सवल नागरिक हुन्छन् । त्यसले गर्दा शिक्षकको अभिभारा कति छ र शिक्षक कति मान्यवर हुन् भन्ने कुरा मैले यो सम्मानित सदनमा एक्सप्लेन गरिराख्नु पर्दैन । अहिले हाम्रो देशमा सार्वजनिक, निजी र सामुदायिक खालका विद्यालयहरू छन् र त्यहाँ थुप्रै शिक्षकहरूले

विद्यार्थीहरूलाई पढाइराख्नु भएको छ । अहिले यो बन्दाबन्दीको कारणले विशेष गरिकन निजी क्षेत्रका शिक्षकहरूमा ठुलो अप्ठ्यारो परेको छ । हिजो मात्रै एक जना शिक्षकको मलाई एउटा नोट आयो र नोटमा के भनियो भने चैतदेखि तलब थापिएको छैन, चैत, बैशाख, जेठ त छुट्टि नै भयो । तलब थाप्न पाइएन नै । अनि त्यसपछि असार १ गतेबाट अनलाइन पढाउने भनियो । अनलाइन पनि पढाउन सुरु गरियो । अनलाइनको नाउँमा पैसा लिन पाउँदैनस् भनेर फेरि विद्यार्थी सङ्गठनहरूले पनि भन्दैछन् । अब कसो गरेर जीवन धान्ने ? आफ्नो परिवार, आफ्ना बालबच्चालाई कसरी हुर्काउने ? कसरी खुवाउने ? के खाएर बाँच्ने ? र भोलि विद्यालय खुल्दा त्यो शिक्षक बाँच्न पर्छ कि पर्दैन ? त्यो स्कुल रहन सक्छ कि सक्दैन ? यस्ता थुप्रै कुराहरू आए नोटिसमा अनि यो एउटा प्रतिनिधि पात्र मात्रै रहेछ । अहिले हेर्दाखेरि हाम्रो नेपालमा एक कक्षादेखि प्री-स्कुलदेखि १२ कक्षासम्म विद्यालयहरूको अवस्था हेर्दाखेरि निजी क्षेत्रका १० हजार जति विद्यालय र त्यसमा कार्यरत करिब २ लाख जति शिक्षक र कर्मचारीहरूको समस्या रहेछ ।

हामीले नेपाल सरकारले उद्योग धन्दाहरूलाई पुनर्उत्थान गर्नको लागि भनेर पुनर्उत्थानका थुप्रै राहतका प्याकेजहरू ल्याएका छौँ । पर्यटन सेवालाई पुनर्उत्थान गर्ने भनेर त्यहाँ पनि राहतका प्याकेजहरू देखिएका छन् । शिक्षा, विशेष गरिकन सेवा क्षेत्र शिक्षकहरूलाई कसरी बचाउने र यो मर्यादित पेशालाई कसरी मर्यादित बनाइरहन दिने भन्ने चाहिँ अलिकति कम सोच भएको कुरा देखिन्छ । नीतिमा पनि, बजेटमा पनि, कार्यक्रममा पनि । मलाई के लाग्छ भने निजी विद्यालयहरू सबै एकै खालका हुँदैनन् । कतिले हिजो राम्रैसँग नाफा कमाएका छन् । नाफा कमाएका निजी विद्यालयहरूले अहिले आपत परेको बेलामा आफ्नो कर्मचारी, आफ्ना नियमित खर्चहरू, घरभाडाहरू धान्नको लागि र आफ्नो स्टाफहरूलाई आफ्ना शिक्षकहरूलाई तलब दिन सक्लान् । तर कतिपय निजी विद्यालयहरू एकदमै आयव्यय उस्तै-उस्तै रहने गरिकन सञ्चालित अवस्थामा थिए र छन् पनि । त्यो भएर नेपाल सरकरले वर्गीकरण गरेर, स्थानीय तहको समन्वयनमा वर्गीकरण गरेर केही न केही राहत प्याकेज, विशेष गरिकन मे बी अब लो इन्ट्रेस रेटमा चाहिँ हाम्रो लोन पनि दिन मिल्छ होला कम व्याजमा हैन कसरी हुन्छ एउटा नीति बनाएर यो अवस्थालाई सम्बोधन गरिनु पर्छ जस्तो मलाई लाग्छ । शिक्षकहरू बाँच्न सकेन्न भने विद्यार्थी बाँच्दैनन् । उनीहरूको पढाइ बाँच्दैन । अनि त्यो नबाँचेपछि यो देश पनि कसरी समृद्ध बन्छ ? त्यतातिर ध्यान दिनु पर्छ । यो अप्ठ्यारो अवस्था हो । सरकारले सबैलाई राहत उत्तिकै तरिकाले दिन नसक्ला तर केही न केही गृहकार्य गरेर शिक्षकहरूलाई विद्यालयलाई वर्गीकरण गरेर कसले सक्ने कसले नसक्ने त्यसरी एउटा राहत प्याकेजको व्यवस्था गरिनु पर्छ जस्तो चाहिँ मलाई लाग्छ । मैले यो सम्बन्धित मन्त्रालय विशेष गरिकन शिक्षा मन्त्रालय र अर्थ मन्त्रालयको ध्यान आकर्षण गराउन चाहन्छु, सम्माननीय अध्यक्षज्यू मार्फत् । यो सँगसँगै कसरी पढाउने ? अब कसरी जाने हामी अगाडि भन्ने विषयमा भनेर नेपाल सरकारले कार्यविधिहरू बनाइराखेको छ । मलाई के लाग्छ भने स्थानीय तहलाई यो स्थानीय तह भनेको चाहिँ धेरै क्षेत्रहरूमा इनोभेसन्सका सेन्टरहरू भएका छन् । नयाँ-नयाँ तरिकाहरू अपनाउने र नयाँ-नयाँ तरिकाबाट सिक्दै सिकाउँदै अगाडि बढ्ने सेन्टरहरू भएका

छन् । त्यसले गर्दा एउटा एकदम जेनेरिक खालको एउटा मापदण्ड बनाएर, फ्रेमवर्क बनाएर त्यसपछि कसरी पढाउने भन्ने कुरा स्थानीय तहलाई नै दिँदाखेरि राम्रो हुन्छ जस्तो मलाई लाग्छ । जुन गाउँ सुरक्षित छ । जुन गाउँमा बाहिरबाट आवत जावत छैन । कोरोना देखिएको छैन । सानो ठाउँमा कन्सन्ट्रेट भएर विद्यार्थीहरू पढ्न सक्छन् । त्यो ठाउँमा किन नपढाउने ? हामी सबैलाई अनलाइनै लैजाऊँ, सबैलाई रेडियोबाटै पढाऊँ भनेर किन भन्दैछौ ? एउटा रेगुलेटरी फ्रेमवर्क बनाएर स्थानीय तहलाई यो चुज गर्नको लागि पनि दिनु पर्छ । शैक्षिक विधि कस्तो हुन्छ भनेर त्यहींको स्थानीय सरकारले नै व्यवस्था गरोस्, निर्णय गरोस् भनेर त्यस्तो खालको फ्रेमवर्क बनाउन पनि जरुरी छ भनेर म शिक्षा मन्त्रालयको ध्यान आकर्षण गराउन चाहन्छु ।

सम्माननीय अध्यक्षज्यू, म अब अर्को एउटा विषय भनेको घरभित्रको विषय । मैले बारम्बार यो सदनमा घरभित्रका विषय उठाउँदै आइरहेको छु । आज पनि म एउटा घरभित्रैकै विषय उठाउन चाहन्छु । एक हप्ता जति भयो होला, पत्रिकाहरूले व्यापक रूपमा लेखे । बन्दाबन्दीका समयमा सांसदले बैठक भत्ता पाए । यातायात भत्ता पाए । अनि त्यसपछि फेरि पत्रकारहरूले मसँग पनि सोध्नुभयो, तपाईंहरूमध्ये थुप्रै सांसदहरूलाई पनि सोध्नु भएको छ । र भन्नु पनि हुन्छ फेरि गाडीको व्यवस्था गर्दा पनि सांसदहरूले यातायात भत्ता पाए । मैले एक दुई जना पत्रकारहरूलाई सोधेँ हामीले त पाएका छैनौँ । यातायात भत्ता बैठक नभएको दिन कुनै पनि सांसदले पाउँदैन । अनि जति वटा बैठक भए पनि एउटा मात्रै यातायत भत्ता दिने हो । त्यो पनि आफूले गाडी व्यवस्था गरेर आउनेहरूलाई । अनि गाडी व्यवस्था हुँदाखेरि कसले दिन्छ यातायात भत्ता ? कहाँबाट पाउनु भयो यो इन्फर्मेसन ? उहाँहरूले भन्नु हुन्छ कर्मचारीबाट पाएको ? मेरो प्रश्न छ संसद सचिवालयमा । सांसदहरूलाई थाहा हुँदैन तपाईंले कुन-कुन पैसा कति-कति कसरी जम्मा गर्नु हुन्छ भन्ने कुरा । त्यहाँ सांसदको रूपमा यदि यो वैधानिक होइन दिन मिल्दैन र गाडी दिएको सांसदलाई यदि यातायात व्यवस्था दिन मिल्दैन भनेदेखि किन पठाएको बैङ्कमा ? अनि मिल्दैन भनि-भनि किन पठाएको ? पठाएको छैन भनेदेखि फेरि के-को हल्ला हो ? अनि कसरी पत्रकारहरूले लेख्छन् कर्मचारीले भने भनेर ? यो कुरा यो सांसदहरूको हुर्मत लिने काम र सांसदहरूको जनताप्रतिको विश्वास जनताले सांसदलाई गर्ने विश्वासलाई विश्वासघात गराउने काम, दुरी बढाउने काम नगरौँ । जे कुरा मिल्दैन जुन कुरा अवैधानिक छ । जुन कुरा नीतिमा मिल्दैन त्यो काम कर्मचारीले पनि नगरुन् र नभएको कुरा हल्ला फिजाउँने काम पनि नगरुन् भनेर म सम्माननीय अध्यक्षज्यू मार्फत् यहाँ रिक्वेस्ट गर्न चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, विशेष समयमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीँ समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म राष्ट्रिय सभाका सचिव राजेन्द्र फुयाललाई “नागरिक लगानी कोष (दोस्रो संशोधन) विधेयक, २०७५” र “संघ, प्रदेश र स्थानीय तह अन्तरसम्बन्ध र व्यवस्थापन विधेयक, २०७५” का सम्बन्धमा प्रतिनिधि सभाबाट प्राप्त सन्देशहरूको जानकारी सभा समक्ष गराउन समय उपलब्ध गराउँछु ।

**राष्ट्रिय सभाका सचिव श्री राजेन्द्र फुयालः**- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले राष्ट्रिय सभामा उत्पत्ति भई सभाको मिति २०७५ चैत ४ गतेको बैठकबाट “नागरिक लगानी कोष (दोस्रो संशोधन) विधेयक, २०७५” र मिति २०७६ माघ ६ गतेको बैठकबाट “संघ, प्रदेश र स्थानीय तह अन्तरसम्बन्ध व्यवस्थापन विधेयक, २०७५” पारित गरी सन्देश सहित प्रतिनिधि सभामा पठाइएकोमा प्रतिनिधि सभाको मिति २०७७ असार ९ गतेको बैठकबाट उल्लेखित विधेयकहरूलाई सम्बन्धित समितिका प्रतिवेदनहरूमा उल्लेखित संशोधनहरू सहित छुट्टा-छुट्टै पारित भएका सन्देशहरू प्राप्त भएको व्यहोरा सभा समक्ष जानकारी गराउँछु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, अब अर्को बैठक २०७७ साल असार १५ गते सोमबार दिनको १:०० बजे बस्ने गरी यो बैठक स्थगित हुन्छ ।

(तदनन्तर, अब अर्को बैठक २०७७ असार १५ गते सोमबार दिनको १:०० बजे बस्ने गरी आजको बैठक स्थगित भयो) ।

**अन्त्यः- मध्याह्न २:०२ बजे ।**